संघीय संसद
प्रतिनिधि सभा
कानून, न्याय तथा मानव अधिकार समिति
(कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकार)
संसद भवन, सिंहदरबार
काठमाण्डौं, नेपाल

पत्र संख्या : ०७७/७८
चलानी नं. :

# प्रेस विज्ञप्ती

मुलुक कोभिड–१९ को महामारीबाट आक्रान्त भई दिनानुदिन संक्रमित विरामीको संख्या बढिरहेको बेला नेपाल सरकारले पूर्ववत व्यवस्था अनुसार नै थप सक्रियता र तदारुकताका साथ विरामीको उपचार गरी अगाडि बढ्नु पर्ने अवस्थामा सबै विरामीको उपचार गर्न नसक्ने भन्दै नागरिकले आफ्नो उपचार आँफै गर्नुपर्ने भनी गरेको निर्णयप्रति यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको ग्यारेन्टी गरेको छ । त्यसैगरी स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि बनेको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले सरुवा रोगको उपचार सम्बन्धी आधारभूत सेवा निशुल्क रुपमा प्राप्त हुने व्यवस्था गरेको छ । यस्तो जटिल परिस्थितिमा राज्यले अभिभावकीय भूमिका निर्वाह गरी कोरोनाबाट संक्रमित विरामीको सम्पूर्ण उपचार गर्नुपर्ने वर्तमान अवस्थामा अवदेखि संक्रमित सबै बिरामीहरुको उपचार खर्च नबेहोर्ने, होम आइसोलेसनमा मृत्यु भएका संक्रमित व्यक्तिको शव व्यवस्थापन परिवार आँफै गर्नुपर्ने भनी नेपाल सरकारले गरेको निर्णय अहिलेको अवस्थामा किञ्चित उपयुक्त देखिँदैन । यस निर्णयपश्चात् सरकारी अस्पतालहरुले निशुल्क उपचार बन्द गरेका कारण नागरिकहरु उपचारबाट वञ्चित हुने र यसको कारण संक्रमण दरमा वृद्धि भई नेपाल झनै प्रभावित हुने देखिएको छ ।

आम नागरिकमा कोभिड–१९ को कारण मनोवैज्ञानिक असर अत्यधिक परिरहेको वर्तमान समयमा संविधान प्रदत्त निशुल्क उपचारको हकबाट नागरिकलाई कुनै हालतमा वञ्चित गराउनुहुँदैन । अतः यसको व्यवस्थापनको लागि अपुग हुने रकम अन्य पुँजीगत बजेटबाट कटौति गरेर भए पनि कोरोनाको उपचारमा आम नागरिकको सहज पहुँच उपलब्ध गराई नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क पाउने हकको पूर्ण प्रत्याभूति गराउने व्यवस्था मिलाउन समिति नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

मिति : २०७७।०७।०४ गते ।

कृष्ण भक्त पोखरेल
सभापति
कानून, न्याय तथा मानव अधिकार समिति